# सीमा अध्ययन अनि कथा 'फ्रण्टियर'

योगेश खाती*

**सार :** समकालीन साहित्यले अध्ययनका विविध दिशालाई पक्रेर अघि बढ्दै गरेको सकारात्मक अवस्था छ। सोभियत राष्ट्र सङ्घ टुक्रा भएपछि वैश्विक आर्थिक, अस्थिरता अनि आतङ्कवाद जस्ता विषयहरूले गर्दा सीमा अध्ययन (Border Studies) माथि शोध हुन सक्ने सम्भावनाहरू चुलिएर गयो। भू-राजनैतिक विभाजनबाहेक यसलाई अध्ययनको एउटा विधाका रूपमा हेरिने सम्भावनाहरू देखिए। यसैले राष्ट्रको सीमा, सिमाना, किनारा, साँध, दोसाँध बाहेक सीमा अध्ययनले सामाजिक परिसीमाका सांस्कृतिक, प्रतीकात्मक साथै अन्य प्रकारका अध्ययनतर्फ लक्ष्य गर्दछ। सीमा अध्ययन एउटा अन्तर्विषयक अध्ययन क्षेत्र हो जसले राजनैतिक अनि दैनिन्दिनी विमर्शहरूभित्र पाउन सकिने सीमा अनि चिनारीलाई बुझाई अर्थहरूको आलोचनात्मक ढङ्गले परीक्षण गर्दछ। भूगोल विषयभित्र सीमाको अध्ययन हुँदै आइरहेको हो। केही दशकदेखि यता सीमा अध्ययनले अन्तर्विषयक विधाका रूपमा विमर्शको क्षेत्र र मौका प्राप्त गरेको छ। भूगोलपछि सीमा अध्ययनलाई मनोविज्ञान, कानुन, समाजशास्त्र, अर्थशास्त्र आदि विषयहरूले पनि विधागत रूपमा हेर्ने गरेको छ। परम्परागत रूपमा सीमालाई दुई देशबिचको भौगोलिक सीमाङ्कन भनेर जानिन्छ यद्यपि अन्तर्विषयक अध्ययनका रूपमा सीमा अध्ययनभित्र फौज (military), युद्ध (warfare), राजनैतिक कुटनीति (political diplomacy), आतङ्ककवाद (terrorism), बसाइँ (migration), जातीय चिनारी (ehtnic identity), शक्ति प्रदर्शन (show of powers), डायस्पोरा (Diaspora) जस्ता विषयहरूले भूगोल, भू-राजनीति हुँदै आज बहुविषयक अध्ययन क्षेत्रलाई उर्वर बनाएको छ। सीमा अध्ययनका सैद्धान्तिक

* सहायक प्राध्यापक, खर्साङ सरकारी महाविद्यालय।

दृष्टिकोणबारे चर्चा परिचर्चा सुरु भएको केही दशक मात्र भएको छ। भारतीय नेपाली साहित्यभित्र पनि सीमा अध्ययनका प्रसङ्गहरू उपर्युक्त विषयहरू लिएर विविध विधाभित्र देखिएका भेटिन्छन्। यस अध्ययनको मूल उद्देश्य सन् १९५१ सालमा 'फ्रण्टियर' कथा सङ्ग्रहभित्र छापिएको कथाकार शिव कुमार राईको 'फ्रण्टियर' कथालाई सीमा अध्ययनअन्तर्गत राखेर हेरिने प्रयास गरिन्छ। उक्त कथामा ब्रिटिस इन्डिया अर्थात् भारत स्वतन्त्र भारत बनिन अघिकै कथावस्तु बुनिएको छ। कथाभित्र वास्तविक स्थान नामहरूसँगै तत्कालीन भारत, पाकिस्तान, अफगानिस्तान आदि देशहरूको सैनिक गतिविधि (military movement) र सिमानाहरूका प्रसङ्ग भेटिन्छन्। यसैले सीमा अध्ययनअन्तर्गत यस कथालाई हेर्दा समकालीन भारतीय साहित्यभित्र नेपाली साहित्यको प्रवृत्तिलाई केलाउने अझ फाँटिलो क्षेत्र प्राप्त हुन सक्ने उद्देश्यले कथा 'फ्रण्टियर' को यहाँ चर्चा गरिन्छ।

**बीज शब्द :** सीमा अध्ययन, चिनारी, समकालीन, राजनीति।

**१. प्रवेश**

मानवताको इतिहास नै युद्धको इतिहासले भरिएको छ। प्रत्येक युद्धको उद्देश्य नै सिमाना परिवर्तन हुने गरेको अर्को इतिहास पनि छ। सन् १९७० को मध्य समयदेखि देखा परेपछि नयाँ राजनैतिक भूगोलले वर्तमान परिप्रेक्ष्यमा समाजविज्ञानका शाखाहरू जस्तै राजनीति शास्त्र अनि अन्तर्राष्ट्रिय सम्बन्धसँग मूल रूपमा सामीप्य राखेर यस अध्ययनको दिशालाई अघि लगिरहेको स्थिति छ।[१] सीमा अध्ययनले परम्परागत रूपमा सिमानाहरूको प्रभाव अनि यसका विश्लेषणमाथि साथै सिमानाहरूका अन्तर्राष्ट्रिय सम्बन्धहरूमाथिको स्थिरता, सिमाना-विवाद अनि द्वन्द्व, शान्ति-स्थापना अनि शान्ति-निर्माण जस्ता पक्षहरूमाथि चासो राख्दछ।[२] सीमा अध्ययनका सैद्धान्तिक दृष्टिकोणबारे चर्चा-परिचर्चा सुरु भएको केही दशक मात्र भएको छ। दक्षिण एसियाली अन्तर्विषयक अध्ययनमा आख्यान, जीवनी, साक्षी, मौखिक परम्पराजस्ता विषयहरू साहित्यिक अभिव्यक्ति पाएर अघि आइरहेको छ। यस अध्ययनले यी भौगोलिक क्षेत्रहरूमा देखिएका वैयक्तिक एवम् सामूहिक पीडा, दमन, आतङ्क, तनाउजस्ता विषयहरूलाई समेटेको छ।[३] भारतीय नेपाली साहित्यभित्र पनि सीमा अध्ययनका प्रसङ्गहरू उपर्युक्त विषयहरू लिएर विविध विधाभित्र लेखिएका भेटिन्छन्। भारतीय नेपाली साहित्यहरूमा सीमा अध्ययनका प्रसङ्गहरू

१. R. Alvarez, 1995, 'The Mexican Us Border: The Making of an Anthropology of Borderlands', **Annual Review of Anthropology**, http://www.jstor.org/stable/2155945

२. Vladimir Kolossov, 2005, Border Studies: Changing Perspectives and Theoretical Approaches, **Geopolitics**, Vol.10:4, DOI: 10.1080/14650040500318415

३. Susan Stanford Friedman, 2016, **Migrations, Diasporas, and Borders**, www.wordpress.com

खोज्न एउटा शोधको विषय नै हुन जान्छ तथापि शिवकुमार राईको 'फ्रण्टियर' कथाबाहेक केही सामु आएका साहित्यिक रचना, कृतिहरूको उल्लेखले यस विषयलाई सान्दर्भिक बनाउँदछ। भारतको उत्तरपूर्वी सीमा क्षेत्रहरूका वस्तुस्थितिलाई लिएर लेखिएको इन्द्रबहादुर राईको 'जयमाया आफूमात्र लिखापानी आइपुगी' (कथा), भारत नेपाल सीमा क्षेत्रहरूका वस्तुस्थितिलाई लिएर देखा परेका लैनसिंह बाङदेलको 'मुलुक बाहिर' (उपन्यास), मनबहादुर मुखियाको 'अनि देउराली रुन्छ' (नाटक) आदि नाम लिनै पर्ने हुन्छ। यस अध्ययनको मूल उद्देश्य सन् १९५१ सालमा फ्रण्टियर' कथा सङ्ग्रहभित्र छापिएको कथाकार शिवकुमार राईको फ्रण्टियर' कथालाई सीमा अध्ययनअन्तर्गत राखेर हेरिने प्रयास रहेको छ।

## २. सीमा अध्ययनको अर्थ

फ्रान्सेली दार्शनिक ओ मार्कडले सिमानालाई 'इतिहासको खत' (scars of history) बताएका छन्। मानव समाज अनि मानव मनोविज्ञानको मुख्य संरचनाका आधारमा सिमानालाई एउटा जटिल सामाजिक प्रक्रियाका रूपमा मानिन्छ। सम्भवत: सिमानाको अध्ययन गर्ने पहिलो विषय नै भूगोल मानिन्छ। भूगोलले राजनैतिक सिमानाको व्यावहारिक अध्ययन गर्न ऐतिहासिक अनि अग्रणी भूमिका निर्वाह गरेको छ।[४] सीमा, सिमाना, साँध आदि मानव निर्मित सीमाङ्कन हुन् जुन नीतिगत परम्परामा आधारित छन्। मध्ययुगीन कालमा सहर, जमिन आदिलाई नियन्त्रणमा राख्नु नै सामन्ती प्रथाको प्रमुख कार्य थियो साथै सिमाना, सीमाजस्ता कुरा अस्पष्ट सोच थियो। समयकालमा भूगोलले आफ्नो तकनिकी मापयन्त्रको सहायताद्वारा सीमा जमिन, सिमाना क्षेत्रजस्ता अस्पष्ट रेखालाई विकसित गर्दै एउटा निर्दिष्ट सीमा, सिमाना, साँध आदिमा जमिन अनि क्षेत्रलाई विभाजन गर्न सजिलो बनायो। सीमा अध्ययनलाई *लिमोलोजी* पनि भनिन्छ। वर्तमानमा सीमा अध्ययनलाई राजनैतिक वैज्ञानिक, जातिशास्त्री, समाज वैज्ञानिक, मनोवैज्ञानिक, कानुनविद्, अर्थशास्त्री, भौतिक भूगोलविद अनि प्राविधिक विज्ञानका विज्ञहरूहरूले समानान्तर रूपमा अघि ल्याएर एउटा अन्तर्विषयक क्षेत्रमा विकसित गरिसकेका छन्।[५] परम्परागत रूपमा सीमालाई दुई देशबिचको भौगोलिक सीमाङ्कन भनेर जानिन्छ यद्यपि अन्तर्विषयक अध्ययनका रूपमा सीमा अध्ययनभित्र फौज (military), युद्ध (warfare), राजनैतिक कुटनीति (political diplomacy), आतङ्कवाद (terrorism), बसाइँ (migration), जातीय चिनारी (ehtnic identity), शक्ति प्रदर्शन (show of powers), डायस्पोरा (Diaspora), विचार विनिमय (Exchange of Ideas) जस्ता विषयहरूले भूगोल, भू–राजनीति हुँदै आज बहुविषयक

४. Vladimir Kolossov, 2005, 'Border Studies: Changing Perspectives and Theoretical Approaches', **Geopolitics**, Vol.10:4, DOI: 10.1080/14650040500318415

५. **Limology: Rethinking Territory and Society**, On Borders, Boundaries and Borderlands, Theoretical limology.www.wordpress.com.

अध्ययन क्षेत्रलाई उर्वर बनाएको छ। ऐतिहासिक रूपले भारत उपमहाद्वीप मध्य एसियासँग प्रत्यक्ष रूपमा जोडिएको थियो। अफगानिस्तानको दक्षिण भागको विशाल जमिन स्थल अनि उत्तरमा काश्मीरको क्षेत्रले गर्दा भारतको सम्पर्क मध्य एसियासँग प्रत्यक्ष भएको हो। पहिलो अनि दोस्रो पूर्व शताब्दीतिर *'ग्रान्ड सिल्क रुट'* नामले प्रख्यात अन्तर महादेशीय व्यापारको कारण हिमालय, पामिर, हिन्दुकुश अनि खैबार पहाडहरू भएर यस व्यापारको मार्ग दक्षिण एसियाली मुलुकहरूमा कायम थियो। यो मार्ग वास्तवमा शान्ति, प्रगति, मानव सुरक्षा, आपसी विश्वास अनि अन्तरसांस्कृतिक वार्ताका निम्ति सुगम थियो। सन् १९४७ मा दक्षिण एसियामा दुईवटा छुट्टा-छुट्टै राजनैतिक शक्तिको उदय भयो अनि भारत उपमहाद्वीप विभाजन भएर भारत र पाकिस्तान बनियो।[६]

सन् १९७० देखि सीमा अध्ययनको विचारधारा विकसित भयो। अमेरिका र मेक्सिकोबिच भइरहेको राजनैतिक, आर्थिक, सांस्कृतिक, सङ्कटले ध्यान आकर्षण गरे पश्चात् विविध पृष्ठभूमि, विचारधारा, शोध क्षेत्र, एवम् विधागत पृष्ठभूमिका अध्येताहरूले यस अध्ययनको दिशा पक्रे। प्रवास, राज्य राजनीति, मजदुर अभ्यास, सांस्कृतिक तनाउ, विषय लिएर अध्ययन गरिरहेका अध्येताहरूले यस सिमाना क्षेत्रमाथि अध्ययन गर्दै यहाँका चुनौतीपूर्ण सामाजिक समस्याहरूको खोज तलास गर्ने मत प्रकट गरे।[७] यस अध्ययनले युरोपमा 'शीत युद्ध'-को समय विराम लागेको अध्ययन प्रक्रियामाथि नयाँ ऊर्जा प्राप्त भयो। युरोपका सिमानाहरू पुन: कोरिएपछि सीमा अध्ययनले नयाँ ऊर्जा प्राप्त गर्‍यो। त्यसपछि विविध क्षेत्रमा सीमा अध्येताहरूले विश्लेणात्मक ढङ्गमा सीमा निर्माणमाथि अध्ययन अघि बढाए। सीमाको परोक्ष एवम् क्षेत्रीय परिभाषाबाहेक यसको अर्थ विस्तार गरे। यस क्रममा राष्ट्रको भौतिक सीमा अनि त्यहाँ बसोबासो गर्नेहरूको सामाजिक, सांस्कृतिक परिधि साथै चिनारीका सम्बन्धको अध्ययन पनि विकसित हुँदै गयो।[८]

### ३. सीमा अध्ययनको विकासक्रम

सीमा अध्ययनको सैद्धान्तिक रूप र विकासक्रमलाई परम्परागत अनि उत्तरआधुनिक रूपमा क्रमबद्धसँग पनि हेरिन्छ। विकासको प्रत्येक स्तरमा आफ्नो मूल्य र ओजन नहराई आफ्नै विशिष्टतामा नयाँ-नयाँ दृष्टिकोणभित्र यी धारणा रहिरहेका नै देखिन्छन्। परम्परागत धारणाभित्र ऐतिहासिक भूचित्र,

---

६. Mustak A.Kaw, 'Border Politics in South Asia: A case Study of India, Pakistan and Afghanistan', http://src‌h.slav.hokudai.ac.jp/publictn/eurasia_border_review/no1/05_A.Kaw.pdf

७. Jennifer Bickham Mendez and Nancy A. Naples, 'Border Politics, Contests over Territory, Nation, Identity and Belonging', www.wordpress.com.

८. पूर्ववत्

मुद्रण विज्ञान, क्रियाशील अनि राजनैतिक पद्धति पर्न जान्छ। ऐतिहासिक भूचित्रमा आधारित सोचभित्र सिमानाको विकास, सिमानाको आकृति अध्ययन अनि सिमाना प्रदेशको मानव भूगोलको अध्ययनजस्ता पक्षहरू पहिलो विश्वयुद्धपछि भएको सिमाना सम्झौता अनि सहमतिले अघि ल्याएका देखिन्छन्। यसकै सहमतिअनुरूप सिमाना अनि सीमान्त प्रदेशको परिभाषित रूप पनि एउटा उपलब्धिका रूपमा सामु आउँदछ।[९]

पहिलो विश्वयुद्धपछि युरोपले अन्तर्राष्ट्रिय सिमानाहरूमाथि निकै ज्ञान अनि अनुभव आर्जन गऱ्यो। एसिया अनि अफ्रिकामा पनि युरोपेली ढाँचाका सिमानाका अर्थ अनि सहमतिको सूत्र मान्य हुँदै गयो। यसै धारणालाई अझ विकसित बनाउन जोन हाउस भन्ने विद्वान्ले अन्तरसीमा प्रवेश अनुगमनमाथि कार्य गरे। यस कार्यअनुसार सिमानाले यथार्थिक ढङ्गमा दुवै देशका अर्थ अनि समाजजस्ता पक्षहरूमाथि पर्न जाने प्रभावबारे व्याख्या गर्दै, सीमा क्षेत्रहरूका सामाजिक प्रक्रिया अनि सहकार्यका निम्ति अन्तर सीमा प्रवेश अनुगमन आवश्यक रहेको तर्क प्रस्तुत गरे।[१०] उत्तर आधुनिक प्रवृत्ति लिमोलजीमाथि सन् १९८० को अन्तिमतिर सुरु हुन्छ। यो धारणा राजनैतिक वैज्ञानिकहरूले, दार्शनिक, समाजशास्त्री, समाज मनोवैज्ञानिक आदिका प्रस्तावित विचारहरूमा आधारित राख्दै अन्तर्विषयक प्रवृत्तिको समकालीन सामाजिक विज्ञानसँगै यसलाई प्रस्तुत गरे।[११] राजनैतिक भूगोलभित्र यसलाई हेर्न पर्दा सीमा अध्ययन तीन कुराहरूले प्रभावित देखिन्छ –

१. आई वालेन्सटाइन्, पी टेलर अनि अन्यले विकसित गरेका विश्व व्यवस्था प्रणाली सिद्धान्त विशेषत: अन्तर्निर्भरता अनि स्थान विस्तारका भूमिकाबाट प्रभावित देखिन्छ।
२. ए गिड्डन्स (A. Giddens)–को प्रस्तावित क्षेत्रीय अनि वैश्विक संरचनाले आर्थिक अनि राजनैतिक स्तरमा कार्यको स्वाधीनता प्रदान गर्दछ भन्ने विचारमा आधारित सिमानाको महत्त्वबाट प्रभावित देखिन्छ, अनि
३. उत्तरआधुनिक धाराका अग्रणी सचेतक एम फुको अनि अन्यका परिभाषाअनुरूप सीमा अध्ययन सर्वत्र प्रचलित विमर्श अनि स्थान–क्षेत्रको सामाजिक निर्माणमा मानिने सोचबाट प्रभावित देखिन्छ।[१२]

---

९. Vladimir Kolossov, 2005, 'Border Studies: Changing Perspectives and Theoretical Approaches', **Geopolitics**, Vol.10:4, DOI: 10.1080/14650040500318415

१०. J. House, 1982, **Frontier on the Rio Grande: A Political Geography of Development and Social Deprivation**, Oxford: Clarendon Press .

११. Vladimir Kolossov, 2005, 'Border Studies: Changing Perspectives and Theoretical Approaches', **Geopolitics**, Vol.10:4, DOI: 10.1080/14650040500318415

१२. पूर्ववत्

उत्तरआधुनिक प्रवृत्तिभित्र सीमा अध्ययनको विकासक्रम यसरी राखेर हेर्न सकिन्छ।[१३]

**१.पहिलो चरण :** १९औँ शताब्दीको अन्तदेखि ऐतिहासिक भौगोलिक धारणाअनुसार सीमा अध्ययन सुरु भएको मानिन्छ। यस कालका पूर्वार्द्धका सक्रिय लेखकहरू मध्ये जे एन्सल (फ्रान्स), आई बोव्म्यान् (अमेरिका), ई ब्यान्स (जर्मनी) आदि हुन् भने उत्तरार्द्धका लर्ड कर्जन, टि होल्डिच (ब्रिटेन), एस बोग्स (अमेरिका) आदि हुन्। यस कालका पूर्वार्द्धमा सीमाको अर्थ, विकास, दुई देशबिचको सिमानाको महत्त्व अनि शक्तिको सन्तुलन, प्राकृतिक सिमानाको अर्थको प्रयोग अनि अन्त जस्ता अध्ययनका उपलब्धिहरू देखिन्छन्। युरोपमा युद्धपश्चात् भएका सीमा निर्धारण अनि सीमा पुनर्गठन साथै अफ्रिका अनि एसियामा औपनिवेशिक कब्जामा रहेका देशहरूका सीमा निर्धारणमा यस कालका सीमा अध्ययनले भूमिका खेलेको देखिन्छ। यसै कालको उत्तरार्द्धतिर सिमानाको अवधारणा निर्माण अनि सिमानाको क्रम–विकासबारे अवधारणा पनि तयार भएको देखिन्छ।

**२. दोस्रो चरण :** सन् १९५० देखि यता भने अन्तर्सिमाना अध्ययनको अवधारणा निर्माण भएर आयो। अन्तर्सिमाना वार्ता, सिमानालाई बहुआयामिक सामाजिक प्रक्रियाका रूपमा बुझ्ने अभ्यासको प्रारम्भ भयो। यस कालका सक्रिय अध्येताहरू जे आर प्रेस्कोट (अस्ट्रेलिया), जे डब्ल्यु हाउस (ब्रिटेन), जे मिघी (अमेरिका), एम फोसर (फ्रान्स), जी ब्लेक (ब्रिटेन), ओ मार्टिनस् (अमेरिका) आदि प्रमुख हुन्।

**३. तेस्रो चरण :** सन् १९७० देखि यता सीमा अध्ययनलाई राजनैतिक विज्ञानअन्तर्गत राखेर अध्ययन गर्न थालियो। अन्तर्राष्ट्रिय तनाउ अनि द्वन्द्वमा देशको सिमानाका भूमिकाको अध्ययन यस कालको प्रमुख निष्कर्ष रह्यो। अन्तर्राष्ट्रिय सीमाका प्रस्तावअन्तर्गत शान्ति निर्माण, शान्ति कायम प्रमुख यस कालमा देख्न सकिन्छ। यस कालमा प्रमुख रूपले जी गोर्ज अनि पी डेल, टि गर्, ए कर्बी (अमेरिका) देखिन्छन्।

**४. चौथो चरण :** सन् १९८० देखि यता सीमा अध्ययनलाई हेरिने विभिन्न दृष्टिकोण निर्दिष्ट एवम् स्पष्ट भेटिन्छ। जस्तै–

**क. विश्व व्यवस्था प्रणाली अनि क्षेत्रीय चिनारी दृष्टिकोण :** यसअन्तर्गत सीमा अध्ययनका

१३. Vladimir Kolossov, 2005, 'Border Studies: Changing Perspectives and Theoretical Approaches', **Geopolitics**, Vol.10:4, DOI: 10.1080/14650040500318415

विविध स्तर, क्षेत्रीय चिनारीहरूका विकास अनि राजनैतिक सिमानाहरूमा धार्मिक सत्ता परम्परामाथि सिमानाको भूमिका प्रमुख रहन्छ। क्षेत्रीय चिनारीहरूको धार्मिक सत्ता अनि सिमाना बिचका सम्बन्धको प्रतिरूप निर्माण यस कालको विशेष उद्देश्य रहेको देखिन्छ। विभिन्न विद्वान्हरू जस्तै– पासी (फिनल्यान्ड), डी न्योम्यान् (इज्रायल), जे ओललिन (अमेरिका), पी टेलर (ब्रिटेन), टि लुन्डेन (स्विडेन), जी वाटबरी अनि जे एक्लेसन् (ब्रिटेन) आदि प्रमुख देखिन्छन्।

**ख. भू–राजनैतिक दृष्टिकोण :** यस अध्ययनअन्तर्गत (i) वैश्वीकरणको प्रभाव अनि राजनैतिक सिमानाहरूमा एकताबारे अध्ययन प्रमुख भेटिन्छ। (ii) सैन्य, राजनैतिक, सुरक्षा आदि दृष्टिबाट सिमानाहरूको अध्ययन।

**ग. सामाजिक प्रतिनिधित्वका रूपमा सिमाना :** यस अध्ययनअन्तर्गत सिमानालाई, समाज निर्माता अनि विगत–वर्तमानमा समाज सम्बन्धबारे दर्पणका रूपमा चिह्नित गरिनु साथै राजनैतिक विमर्शहरूमा सामाजिक प्रतीकका रूपमा सिमानालाई प्रस्तुत गर्नु आदि प्रमुख उद्देश्य रहेको भेटिन्छ। यस अध्ययन कालको विशेषताहरूमा जातीय, राष्ट्रिय अनि अन्य क्षेत्रीय चिनारीहरूका निम्ति एक महत्त्वपूर्ण तत्त्वका रूपमा सिमाना अध्ययनलाई प्रस्तुत गरिने प्रमुख लक्ष्य रहेको भेटिन्छ।

**घ. अभ्यास–नीति–सोच दृष्टिकोण :** यस अध्ययनअन्तर्गत सिमाना व्यवस्थापन अनि सिमाना सहकार्यमाथि सिमाना नीति, अभ्यास अनि सोचको प्रभाव प्रमुख अवधारणा मानिन्छ। सिमानाको पारदर्शिता कायम राख्ने नीति अनि यसमाथि यहाँ बसोबास गर्ने मानिसहरूको दृष्टिकोण साथै सिमाना सम्बन्धित विभिन्न क्रियाकलापहरूका अभ्यास नै यस अध्ययन कालको क्षेत्र देखिन्छ। यस कालमा देखिएका विद्वान्हरू– एच भ्यान हटम अनि ओ क्रम्स्क (नेदरल्याण्ड), जे स्कट (जर्मनी) प्रमुख हुन्।

**ङ. पर्यावरणीयराजनैतिक दृष्टिकोण :** यसअन्तर्गत पर्यावरण र राजनैतिक सिमानाको अन्तर्सम्बन्धबारे अध्ययन गरिन्छ। एकीकृत व्यवस्थाका रूपमा प्राकृतिक अनि राजनैतिक सिमानाका कार्य अनि अन्तर्देशीय सिमानाका समाज–पर्यावरणीय व्यवस्थामाथि व्यवस्थापन कायम राख्नु नै यस अध्ययनको मूल उद्देश्य रहेको भेटिन्छ। यस अध्ययनअन्तर्गत क्षेत्रीय, अन्तर्राष्ट्रिय नदी, नाला, पर्यावरणीय समस्याहरूलाई व्यवस्थित अनि वैज्ञानिक रूपमा अध्ययन गरिने देखिन्छ। ओ यङ्, जी वाइट (अमेरिका), एन डाल्वी (क्यानाडा), एस गोर्स्कोभ अनि आई कोर्टेने (रसिया) आदि यस अध्ययन कालका प्रमुखहरूका रूपमा देखिएका छन्।

**४. 'फ्रण्टियर' कथाभित्र सीमा अध्ययन** :

कथा, संस्मरणबाट लेखकले सुरु गरेका छन्। सन् १९५१ सालमा कथा प्रकाशनमा आए तापनि कथाको पृष्ठभूमि इस्ट इन्डिया कम्पनी अधीनस्थ रहेको भारतको समयको छ। कथाको विषयवस्तु

उपनिवेश कालभित्र बुनिएको छ। दक्षिण एसियाली सीमा प्रदेशहरू प्रमुख रूपले भारत, नेपाल, चीन, पाकिस्तान, अफगानिस्तान, भुटान, बर्मा, श्रीलङ्का हुन्।

यस कथाको पृष्ठभूमि अनि वास्तविक सैन्य इतिहास हेर्नु हो भने सीमा अध्ययनअन्तर्गत यस कथालाई हेरिनु अझ प्रासङ्गिक अनि विषयगत ठहर्छ। ऐतिहासिक रूपमा अङ्ग्रेजले दार्जिलिङको घुम पहाडलाई एक समय पल्टन भर्ती गर्ने स्थान बनाएको थियो। अङ्ग्रेज पल्टनका निम्ति गरम महिनाको क्याम्पका रूपमा घुम पहाड अनि लेबोङलाई राखिएको थियो। लेबोङमा गोरा पल्टन अनि घुम पहाडमा गोर्खा पल्टन राखिने गरिन्थ्यो। त्यस समय विश्वमा सबैभन्दा शक्तिशाली देशका रूपमा रहेर ब्रिटेनले भारतलगायत विश्वका अन्य देशहरूलाई आफ्नो उपनिवेश बनाएको तथ्य सामु छ। स्वन्तन्त्रतापूर्व अनि पछि भारत, पाकिस्तान, अफगानिस्तान सीमा क्षेत्रमा अर्को सीमा पनि नजिक देखिन्छ। त्यो सीमा रसियासँग जोडिएको छ। तत्कालीन समयमा दक्षिण एसियाली देशहरूमध्ये अङ्ग्रेजी शासनलाई सबैभन्दा चिन्ताको सीमा प्रदेश रसिया थियो। रसिया दिनदिनै आफ्नो सीमा क्षेत्रमा सबैभन्दा शक्तिशाली देशका रूपमा अघि बढिरहेको अवस्थाले अङ्ग्रेजको उपनिवेशी सोच अनि महत्वकाङ्क्षामाथि बाधा उत्पन्न हुनसक्ने सम्भावना थियो। यस्तो अवस्थामा रसियालाई आफ्नो महत्त्वाकाङ्क्षा योजनाको सामु रोक्न अङ्ग्रेजले अफगानिस्तान, पाकिस्तान, रसिया सीमा क्षेत्रमा आफ्नो सैन्य गतिविधि सञ्चार गर्ने कुटनैतिक योजना तयार गर्दछ। ऐतिहासिक दस्तावेजअनुसार अङ्ग्रेज पल्टनले ती क्षेत्रहरूमा आफ्नो सैन्य गतिविधि बनाई राख्नुपर्ने कुटनैतिक बाध्यताबाहेक यी प्रदेशहरूबाट व्यावहारिक रूपमा अङ्ग्रेजलाई खासै फाइदा थिएन। त्यस कुटनीति अनुरूप गोर्खा फौजले अङ्ग्रेजको चिन्तामाथि मलमको काम गरेको अवस्था थियो। गोर्खा फौज शारीरिक अनि मानसिक रूपले सदैव तयार रहेको कारण सजिलैसँग जहाँ पनि लान अनि सैन्य गतिविधिमा जोड्न सकिने हुनाले अङ्ग्रेजलाई सबैभन्दा सजिलो थियो। त्यसै कारण लेखकले वर्णन गरेका सैन्य गतिविधिलाई सीमा अध्ययनअन्तर्गत यसै कुटनीतिको एक हिस्साका रूपमा देखिन्छ। सुरुमा नै लेखकले नेपालीभाषी गोर्खा भारतीय भएर पनि पहाडमा आफ्नो किपट रहेको उल्लेख गरेका छन्। कथामा वर्णन गरिएका अफगानिस्तान, पाकिस्तान अनि भारतका सीमा क्षेत्रमा स्थानीय राजनैतिक सत्ता नै तत्कालीन समयमा सक्रिय थियो। दक्षिण एसियाली उपमहाद्वीपमा भारत–नेपाल मैत्री सन्धि (सन् १८१७, सुगौली सन्धि), सन् १९५०–को व्यापार–मैत्री सन्धिको धारा–७–ले दुवै राष्ट्रका नागरिकहरूलाई सीमा खुल्ला र आवतजावतमा कुनै बाधा छैन। सीमा अध्ययनभित्र अन्तर्सीमा मानव अनुगमन प्राकृतिक मानिन्छ। त्यसरी नै सिङ्गो देश नेपालको बासिन्दा भए पनि अङ्ग्रेज सैन्य सेवामा लागेर लेखकका बुबाले पनि स्वाधीनतापूर्व अङ्ग्रेजका शासनमा नोकरी खाइसकेको प्रसङ्ग कथाको सुरुमा नै भेटिन्छ। कथाकारले समान रूपमा भारत नेपालभित्रका बासिन्दाहरूको आवतजावतबारे कथामा स्पष्ट देखाएका छन्। आफू भारतमा बसे तापनि पहाडको संस्मरण कथाको सुरुमै देखाउनाले

गाँस, बास र कपासका खोजीमा परम्परागत रूपमा सीमा नाघेर नेपालबाहिर भारतमा बसाईं सरेर बस्नु पर्ने स्थिति देखिन्छ। यस स्थितिको बाध्यता राजनैतिक कम अनि आर्थिक धेर हो भन्न सकिन्छ। कथाकारले यस कथाभित्र मूल कथाबाहेक अर्को उपकथा जोडेर कथालाई अझ रोचक बनाएका छन्।

कथाको साधारण कथावस्तुअनुसार लेखकलाई पल्टनमा भर्ती हुने रहर आफ्ना बाबुबाट प्राप्त हुन्छ। समय आएपछि एक दिन लेखक पल्टनमा भर्ती भएर घुम पहाडदेखि पालमपुर पुग्छन्। त्यहाँदेखि रजमक भन्ने स्थानतर्फ लाग्छन्। केही समय त्यहाँ बिताएर फौज क्वेटातर्फ फेरि अघि बढ्छ। क्वेटा पुगेपछि फ्रन्टियरको रुगरुगे पाखामा लेखकको फौज पुगेको घटना कथामा भेटिन्छ। त्यस स्थानमा पुगेर लेखकले त्यहाँको स्थानीय वातावरण अनि बासिन्दाहरूसँगको हेलमेलको वर्णन गरेको कथामा देखिन्छ। कथाकारले कथाको वर्णन गर्दा वास्तवमा कथा अघि बढेको छ। कथाभित्र देखिएकी नारी पात्रा शलिमाको मुखबाट पुनः आफ्नो जीवनको कथालाई पनि कथाभित्र उपकथाका रूपमा रहेको पाइन्छ। कथाभित्र दिनदिनै नारी पात्रा शलिमाप्रति सहानुभूति राख्न थालिसकेका हुन्छन्। एक दिन अङ्ग्रेज फौज र स्थानीय पठानहरू बिच गोलीबारी सुरु हुन्छ। लेखक फौजमा भएको हुनाले युद्धमा अघि बढ्छन्। युद्ध अवधि लेखकको भेट शलिमासँग हुन्छ। शलिमालाई लेखकले सामान्य कोमल नारी सोचेका हुन्छन् तर त्यस समय शलिमा आफ्नो चिनारी र स्वाभिमानका निम्ति अङ्ग्रेजहरूसँग लड्ने नारीका रूपमा भिन्न देखिन्छ। शलिमासँगको छोटो वार्तालापमा लेखकले आफ्नो वास्तविकता अनि चिनारी प्रसङ्ग बोध गर्छन्। लेखकले रण मैदान छाडेर घर फर्किने निर्णय लिन्छन्। सैन्य नियम अनुसार लेखकले सैन्य जीवन छाडी आफ्नो बासस्थान फर्कन्छन् तथापि उनमा कुनै पछितो रहँदैन। कथा यसरी समाप्त हुन्छ।

लेखक गोर्खाली भएर आफ्नो स्थानबाट सेनामा लागेर अर्को सीमा प्रदेशभित्र प्रवेश गर्दै त्यस प्रदेशको स्थान, परिवेश, समाज, मानव सम्बन्ध जस्ता पक्षहरूसँग जोडिन परेको कथावस्तु लेखकले प्रस्तुत गरे तापनि आजको अन्तर्विषयक अध्ययनमा यी प्रसङ्गहरूलाई सीमा अध्ययनभित्र राखेर हेर्न सकिन्छ। ब्रिटिश गोर्खा फौजमा भारत लगायत नेपालबाट आएका गोर्खाहरूले भर्ती लिन्थे। भारत स्वतन्त्र भइसकेको थिएन त्यसैले नेपाल– भारतभित्र बसोबसो गर्दै आएका नेपाली भाषी गोर्खाहरूले पनि आफ्नो पुर्ख्यौली नेपाल नै ठान्ने गरेका यथार्थ पनि यहाँ भेटिन्छ। कथाको सुरुवातमा – 'बुबा भन्नुहुन्थ्यो पहाडमा अझै पनि हाम्रो किपट छ अरे। अघि त पहाडमा रावा खोला माकपामा घर थियो अरे .....।' लेखकले कथाका सन्दर्भमा गोर्खाली वीर अमरसिंह र बलभद्र जस्ता नामहरूको पनि उल्लेख गरेका छन्। विश्वमा गोर्खाली फौजलाई यिनै नामका सहायताले प्रतिष्ठा प्राप्त भएको हो अनि गोर्खाली फौजले अङ्ग्रेजका सेनामा लागेर आफ्नो आर्थिक बाध्यता र समस्यासँगै विश्वमा नाम पनि कमाएको हो। कथाभित्र उपनिवेश काल अवधि गोर्खा फौजलाई युरोप लगायत अन्य धेरै देशभित्रका युद्धहरूमा प्रयोग गरिएको सन्दर्भहरू भेटिन्छन्। जस्तै– 'बूढाले एक–एक तक्मा निकालेर देखाउँदै भन्थे– यो

मसुपटोमियाको धावामा, यो फ्रान्सको धावामा, यो जर्मनीको धावामा पाएको।' यस्ता तक्मा अझै अरू पनि थिए। एउटा निकै टल्कने तक्मा थियो। बूढा त्यो देखाएर भन्थे– 'यो फ्रण्टियरको धावामा पाएको।' तत्कालीन वजिरस्थानमा खटिएका अङ्ग्रेजी सेनामा गोर्खा सेना नै थिए भन्ने जानकारी लेखकसँगै सेनाका अन्य नामबाट थाहा पाउन सकिन्छ। जस्तै– 'बलबीर गुरुङ आएर सलाम गरी भन्न लाग्यो, हजुर लुकेर गोली चलाउने यै हो।'

सीमा अध्ययनभित्र सबैभन्दा सबल रूपमा चर्चा हुन सक्ने पक्षहरूमध्ये स्थानीय क्षेत्रका मानव समूहबारे जानकारी अनि वर्णन पनि एउटा हो। कथाभित्र भिन्नै पृष्ठभूमिबाट पुगेका लेखकका अघि यी मानिसहरूको वर्णन वास्तवमा सूचनाप्रद देखिन्छ। जस्तै– 'छ फुट अल्गा गोरा मानिसहरू, फेरि आइमाईहरू पनि त्यस्तै खँदिला शरीर, पुष्ट छाती औ गुलाबी गाला भएका मानो पर्वतका लाली गुराँस।....' सीमा अध्ययनले सिमाना क्षेत्रहरूको समूहभित्रका मानिसहरूको व्यवहार, खानपिन, लुगाफाटा, स्वभाव, प्रकृतिजस्ता पक्षहरूको अध्ययन गर्दछ। कथाभित्र वर्णित यस वाक्यांशले तत्कालीन अफगानिस्तानको कुनै एक कुनामा रहेको यस स्थानको भौगोलिक, सामाजिक स्थितिको पनि जानकारी दिँदछ। जस्तै यो जाति साह्रै खुँखार हुन्छ। पैसा रुपियाँ भन्दा यिनीहरूको ज्यान जान्छ। एउटा राइफलको लागि ती मानिसको हत्यासम्म गर्न पछि सर्दैनन् औ कुनै आइमाईको निम्ति दश दिन पर्वतका चेपमा लुकेर भएपनि प्रतिद्वन्द्वी माथि प्रतिशोध लिन्छन्। यिनीहरू एकप्रकारको नाङ्लो जस्तो रोटी बनाउँछन्। यस्तो एउटा रोटी, अलिकति नुन र छालाको थैला–थैलामा पानी बोकेर यिनीहरू दस पन्ध्र दिनसम्म दुस्मनको ताकमा पर्वतको गुफाभित्र राइफल लिएर लुकिरहन्छन् औ रोटी र पानी नसिद्धिएसम्म फेरि पर्वतबाट ओर्लेर तल झर्दैनन्। सायद देश नै नाङ्गो बलौटे उजाड भएर होला यिनीहरूको जीवन खस्रो र कठोर बनेको। खेतीवालहरूको खाने भाँडो हलो–कोदालो भने जस्तो यिनीहरूको खाने भाँडै राइफल छ।'

अन्तर्देशीय सिमाना क्षेत्रहरूको अध्ययन जब अन्तर्विषयक भएर देखा पर्‍यो, यसले साहित्यको माध्यमद्वारा वास्तविक स्थान अनि स्थितिहरूलाई पनि राम्ररी समेटेको हुन्छ। जस्तै– ....'फ्रण्टियरको त्यो देश। नाङ्गो रुगरुगे डाँडो हरियो–परियो रुख–पात भन्नु काहीँ छैन। चारैतिर घामले डढेर चिरिएका बडे बडे चट्टानहरू छन्। पर्वतको बिचमा ससाना टुहुरे बजारहरू......।'

कथाभित्र अर्को उदाहरण– 'क्याम्पमा दिनहुँ पर्वतको कुन गुफाबाट केटीहरू फल बेच्न आउँथे। ....म पनि तिनीहरूसँग इत्तरिँदा अलि अलि पस्तु भाषा सिक्न लागेँ। तिनीहरूमा एउटी निकै राम्री केटी थिई। त्यो सधैँ मेरा क्याम्पमा आएर भन्थी, ए गोर्खा, तिम्रो देश कहाँ छ हँ? तिम्रो देशमा आइमाईहरू छैनन् कि क्या हो? .....म पनि जानी नजानी पस्तुमा दार्जिलिङको सहर हिमालयको आकर्षक बयान गरिदिन्थेँ अनि भन्थेँ, तिमीलाई लाने सुर छ, कसो जान्छ्यौ? त्यो चुप लागेर बस्थी।' यहाँ लेखकले

दार्जिलिङ अनि अफगानिस्थानको कुनै एक कुनामा भएको प्रान्तको परिचय देखाएका छन्। सीमा अध्ययनभित्र अन्तर्समूह हुन सक्ने विचारको आदान–प्रदान अनि भौगोलिक सामाजिक विषयको जानकारी महत्त्वपूर्ण कुरा मानिन्छ। यसैले साहित्यका माध्यमद्वारा सीमा अध्ययनको क्षेत्र झन् फराकिलो अनि उर्वरशील देखिन्छ। मानिसहरूको जीवन, सङ्घर्ष, दिनदिनको बचाइ, कठोर भौगोलिक अवस्था, छुट्टै सामाजिक समूह अनि समझदारी यहाँ कथाको यस अंशले बोकेको छ।

सीमा अध्ययनभित्र स्थानीय राजनैतिक सत्ता, धार्मिक सत्ता अनि सामाजिक रूपमा स्वीकार्य संस्कार नै चर्चाको एउटा विषय हुन्छ। यसैले कथाभित्र लेखकले यस वाक्यद्वारा त्यस सीमा क्षेत्रको परिचय सहजै दिन सकेका छन्। जस्तै– 'बजार अफ्रिदी र पठानहरूले भरिएको छ। कोही घर फर्कंदैछन् त कोही ऊँटमा लामेतात लागेर बजार आउँदैछन्। खुकुलो ढ्वाँगल्याँगे सेतो सुरुवाल, सेतै फेटा र सेतै कुर्थामाथि कालो इस्टकोट्। बूढादेखि लिएर केटाहरूसम्मका काँधमा राइफल, कोही आफ्नो तयारी, कोही अङ्ग्रेजका पल्टनदेखि लुटेर ल्याएका।'

सीमा साहित्य सिमानामा हुने एकै महत्त्वका चार विश्लेषणात्मक दृष्टिकोणबाट प्रभावित रहेको भेटिन्छ। जस्तै– १.बजार प्रबलता अनि बजार व्यापार प्रवाह २. समानान्तर सिमानाहरूमा सरकारको विविध नीति क्रियाकलाप ३. सीमान्त समूहका निश्चित–विशिष्ट राजनैतिक सत्ता अनि ४. सीमान्त समूहका विशिष्ट संस्कार।[१४] अन्तर्राष्ट्रिय सिमानाले राष्ट्रलाई सिमानारहित स्थानमा विभाजन गरे तापनि, सीमान्तका मानव समूह आफ्ना संस्कृति–जातीयता, भाषा, धर्म वा स्थानीय राजनैतिक संस्थानको कारणले गर्दा सङ्गठित रहन्छन्। उनीहरूको स्थानीय राजनैतिक संस्थानको प्रकृति अनि संस्कारले सिमानाका रूपलाई प्रभाव पार्दछ साथै सिमाना सञ्चालन रहनमा यी थोकहरूको क्रियाशीलतामाथि पनि निर्भर गर्दछ। सीमान्त समूहमाथि हुने सांस्कृतिक प्रभाव, सीमा अध्ययनका केन्द्रीय विशेषतामाथि निर्भर गर्दछ– जस्तै जो स्थानीय समूहको राजनैतिक क्रियाशीलता अनि साङ्गठनिक क्षमता मानिएको उनीहरूको राजनैतिक सत्ता। शलिमाले कथाभित्र लेखकलाई भनेकी उपकथामा स्थानीय धार्मिक, राजनैतिक सत्ताको उल्लेख भेटिन्छ। याकूब जस्तो पात्रले त्यहाँको स्थानीय धार्मिक अनि राजनैतिक सत्तामा प्रभावपूर्ण स्थान कायम गरेको छ। सीमा अध्ययनले सिमाना क्षेत्रहरूमा यसरी हुने गरेका आन्तरिक द्वन्द्वलाई एउटा प्रक्रियाका रूपमा मान्दछ। यस कथाले याकूबको पितृसत्ता समाज अनि त्यस समाजमा उनीहरूले गरेको निर्णय अनि शासन नै अन्तिम सत्य रहेको देखिन्छ। वास्तविक रूपमा यी स्थानीय सत्ताधारी समूहले समाजमा न्याय–अन्याय जे नै गरे पनि क्षेत्रीय परिवेश अनि सीमा क्षेत्रमा शान्ति कायम अनि शान्ति निर्माणका निम्ति समूहका अन्य जनले पनि सत्ता विपरित सङ्घर्ष गरेको कम नै

१४. Emmanuel BrunetJailly, 2005, 'Theorizing Borders: An Interdisciplinary Perspective', **Geopolitics**, p.634.

देखिन्छ। यस्तै स्थिति यस कथाभित्र छ। कथाभित्र अन्तर्सर्मूहबिच सङ्घर्ष, सत्तामक सङ्घर्ष, धन सम्पत्ति लोभजस्ता कुराहरूका निम्ति आन्तरिक द्वन्द्व छ। आतङ्क, बन्दुक, कठोरता जस्ता कुराहरू सामान्य जीवनचर्या छ। कथाको अन्तिम भागमा वर्णन गरिएको अफिसर मेजर स्कटकी मेम लुसीलाई पठानहरूले अपहरण गरेर लगेका छन् अनि साटोमा दश हजार रुपियाँ मागेका छन्। गोर्खा फौजसँग गएका अङ्ग्रेजी अफिसरहरू अनि उनीहरूको परिवार यस्ता घटनाहरूको सिकार भएको हेर्दा, त्यस स्थानको सामाजिक स्थितिबारे निष्कर्ष आउँछ। मेम लुसीलाई निकास्न मेजर स्कट र गोर्खा फौज रातभरि सैन्य गतिविधिमा लाग्छन्। युद्धजस्तो माहौल, गोलीबारी रातभरसम्म चल्छ। अङ्ग्रेज फौजमा लागेर लेखकले आफ्ना अरू केही नसोचेर सरकारको खातिर आफ्नो ज्यानको पर्वाह नगरी युद्धभूमिमा आफैलाई समर्पण गरिदिन्छन्। सैन्य गतिविधि यहाँ अङ्ग्रेजको कुटनैतिक चाल अनुरूप लेखक अर्थात् अङ्ग्रेज सेनाले एकापट्टि गरेका छन् भने अर्कापट्टि स्थानीय सत्ताधारीहरूले आफ्नो दम्भ बचाउन अनि बर्चस्व कायम राख्न गरिरहेका छन्। लेखकले प्रतिनिधि गरेका सैन्य कार्वाही आफ्नो कर्तव्य अनि पेसाका निम्ति रहेको छ भने ती पठानहरूले लडेका लडाईं आफ्नो स्वाभिमान र आफ्नो सीमा सुरक्षा हेतु गरिएको छ। यहाँ गोलाबारुद, लडाईं, सङ्घर्षजस्ता कुराहरू सिमाना प्रान्तमा भइरहेको अवस्था छ। यसरी सीमा अध्ययनले आपसी सम्झौताबाहेक सिमाना क्षेत्रमा हुने यस्ता गोलीबारी सङ्घर्षजस्ता घटनाहरूलाई कथा साहित्यको माध्यमद्वारा देखाएको भेटिन्छ। यहाँ देख्न सकिएको सैन्य गतिविधि अनि सङ्घर्ष वास्तवमा सीमा अध्ययनभित्र देख्न सकिने एउटा घटनाका रूपमा मान्न सकिन्छ।

कथामा देखिएको सैन्य गतिविधिबाहेक अर्को पक्ष हो जातीयता। अन्तर्विषयक विधाअन्तर्गत समाजविज्ञानको दह्रिलो अध्ययनको क्षेत्र जातीयतालाई मानिन्छ। यस कथाभित्र लेखकको जातीयता एकातर्फ अनि शलिमाको जातीयता अर्कोतर्फ राखेर हेर्न सकिन्छ। यी जातीयताबिच सङ्घर्ष देखिन्न यद्यपि जातीयताबारे विचारोत्तेजक प्रसङ्गहरू कथाभित्र एकभन्दा धेरैपल्ट देख्न सकिन्छ। शलिमाको देश, सामाजिक स्थिति, परिवेश, भाषा, संस्कार र संस्कृति, जीवन शैली, वातावरण, उसको समाज, सामाजिक चाल-चलन, भौगोलिक स्थिति, मानव सम्बन्ध, जातीयता अनि स्थानीय राजनैतिक सत्ताबारे उनीहरूको सोँच अनि आस्था वास्तवमा सीमा अध्ययनका निम्ति उत्कृष्ट अनि महत्त्वपूर्ण विषयहरू भएर देखा परेका छन्। कथाभित्र शालिमाले लेखकलाई- 'पक्रन अघि म तिमीहरूको रगत पिउँछु।'... 'जे भए पनि उ सरदार हो। हाम्रो घरको मामलामा दखल दिने तिम्रो अधिकार छैन। त्यसको न्याय म आफै गर्नेछु।' -भनेकी यस प्रसङ्गबाट शालिमको जातिप्रतिको प्रेम, समर्पण, स्वाभिमान अनि स्थानीय राजनैतिक-धार्मिक सत्तामाथि रहेको आस्था टट्कारो रूपमा देख्न सकिन्छ जुन सीमा अध्ययनका दह्रिला पक्ष मानिन्छन्। सीमा अध्ययनले सिमाना क्षेत्रमा हुने जातीयता प्रतिको समर्पण, भावनात्मक एकात्मकता, स्थानीय सत्ताप्रतिको भरोसा अनि विश्वास, स्वाभिमानप्रति गाम्भीर्यजस्ता पक्षहरूलाई

समेटेको हुन्छ। कथाको अन्तमा लेखकले 'स्वतन्त्रप्रिय जातिको अधिकार मैले मिचिनँ औ आफ्नो अधिकार पनि कसैलाई मिच्न दिन्नँ भन्ने प्रण गरेँ।' भन्ने निष्कर्ष दिएर सीमा अध्ययनभित्र हुने विचारको आदानप्रदान र बुझाइलाई फलप्रद देखाएका छन्।

**४. निष्कर्ष**

सिमाना प्रान्तको एउटा तितो विशेषता नै स्थानीय सत्ताको शासन हो। यस अध्ययनले देशको एक पक्षीय सीमा क्षेत्रबारे मात्र नभएर सिमाना पारीका क्षेत्रहरूको अध्ययन पनि समेट्दछ। त्यस अध्ययनभित्र परम्परागत रूपमा देखिने देश सुरक्षा, सिमाना रूँगाइ बाहेक अन्तर्देशीय मानव सम्बन्ध, व्यवहार, उद्देश्यजस्ता पक्षहरू पनि समाहित देखिन्छन्। सीमा अध्ययनका केन्द्रीय शोध लक्ष्यहरू– तुलनात्मक ऐतिहासिक अनि समाजशास्त्रीय दृष्टिकोणले राज्य निर्माण प्रक्रियालाई हेर्नु, 'सीमा'–को परिवर्तनीय अर्थलाई भौगोलिक दृष्टिकोणअन्तर्गत अध्ययन गर्नु, आलोचनात्मक भू–राजनीति अध्ययन गर्नु, बजार–भाउ अनि क्षेत्रीय विकास साथै सीमान्त क्षेत्रका सामान्य साधारण जीवन अनि चिनारी आदिको अध्ययन गर्नु आदि हुन्। अन्तर्विषयक अध्ययन क्षेत्रको एउटा नितान्त नौलो अनि चासोको विषयका रूपमा सीमा अध्ययनले विमर्शका अनेक दिशाहरू प्रदान गरिरहेको अवस्थामा, दक्षिण एसियाली देशहरूबिचका सिमानाहरू आजका परिप्रेक्ष्यमा सान्दर्भिक छन्। दक्षिण एसियाली देशहरूका सबैभन्दा क्रियाशील र विवादास्पद देखिएका सीमा क्षेत्र नै भारत–पाकिस्तान–अफगानिस्तान–चीन अन्तर्गत पर्ने सीमाहरू हुन्। शिवकुमार राईकृत 'फ्रण्टियर' कथामा यस्तै लडाइँ, आन्तरिक द्वन्द्व, सीमा क्षेत्रमा सैन्य गतिविधि, स्वाभिमानको प्रसङ्ग, जातीयताको टट्कारो सन्दर्भ, भाषा, संस्कृति, व्यवहार, जीवन शैली, स्थानीय राजनैतिक–धार्मिक सत्ताको वर्चस्व, बसाइँ, शासन जस्ता अध्ययनका दिशाहरू भेटिन्छन्। यसै सन्दर्भमा कथा 'फ्रण्टियर'– लाई सीमा अध्ययनभित्र राखेर हेर्दा भारतीय समकालीन लेखन प्रवृत्तिका यात्रामा नेपाली कथाभित्र पनि सीमा अध्ययनका शोध दिशाहरू सम्भवत: प्राप्त गर्न सकिन्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ।